funded by

EUROPEAN UNION

switchasia PROGRAMME

WINROCK INTERNATIONAL



वातावरण : वन, उर्जा तथा पर्यावरणीय सेवा

**नगर क्षेत्रको फोहोरमैलाको दिगो व्यवस्थापन गर्दै दिगो व्यावसायिक उत्पादनमा सार्वजनिक निजी साझेदारीमार्फत हरित साना तथा मझौला उद्यम, हरित नगर, हरित कृषि उत्पादन र हरित रोजगारी सृजना (हरित उद्यमशीलताका लागि सार्वजनिक निजी साझेदारी /PPP for 4Gs)**

## परिचय:

चार वर्षे (सन् २०१४-२०१७) यस परियोजनाले इलाम नगरपालिका र निजी क्षेत्र बीच सार्वजनिक निजी साझेदारीको सुरुवात गरी दिगो फोहोरमैला व्यवस्थापन चक्रको व्यावसायीकरण गर्नेछ । यस परियोजना युरोपियन युनियनको आर्थिक सहयोगमा इलाम नगरपालिका, वीनरक इन्टरनेशनल, पोजेटिभ प्लानेट र नामसालिङ सामुदायिक विकास केन्द्रले संचालन गरिरहेका छन् ।

हरित नगरको रणनीतिक योजना अन्तर्गत दिगो फोहोरमैला व्यवस्थापनको पक्षलाई सम्बोधन गर्दै फोहोरमैला व्यवस्थापन गर्नका लागि सार्वजनिक निजी साझेदारीद्वारा घरधुरीबाट फोहोर संकलन, ढुवानी तथा कम्पोष्ट प्लान्ट स्थापना र संचालन गर्ने यस परियोजनाको मुख्य उद्देश्य रहेको छ । साथै, पुन:चक्रण र पुन:प्रयोग योग्य फोहोरहरुको पनि उचित व्यवस्थापन गर्ने परियोजनाको अर्को उद्देश्य रहेको छ । सफल कार्यान्वयन पछि यस्ता परियोजना नेपालको अन्य नगरपालिकामा पनि “हरित उद्यमशीलताका लागि सार्वजनिक निजी साझेदारी” अवधारणा विस्तार गर्नका लागि कोसेढुंगा सावित हुने अपेक्षा गरिएको छ ।

## यस परियोजनाको उद्देश्यहरु:

- सार्वजनिक निजी साझेदारी मार्फत दिगो फोहोरमैला व्यवस्थापन प्रणाली स्थापना गर्ने
- निजी साझेदार मार्फत कम्पोष्ट प्लान्ट निर्माण तथा संचालन
- साना तथा मझौला कृषि, तरकारी र चिया उद्यमीलाई प्राङ्गारिक मलको प्रयोगमा उत्प्रेरित गर्न प्रोत्साहन गर्ने
- जैविक मलमा आधारित, साना तथा मझौला कृषि, तरकारी र चिया उद्यमलाई सम्भाव्य आर्थिक अवसरहरुमा पहुँच पुऱ्याउन सहयोग गरी हरित उद्यमशीलतालाई बढावा दिने
- पुन:चक्रिय फोहोरमा आधारित उद्यमीहरुलाई उचित व्यवस्था, प्रविधि र आर्थिक सम्भावनाका अवसर सम्म पहुँच पुऱ्याउन सहयोग गर्ने

## अपेक्षित उपलब्धिहरु :

- सार्वजनिक निजी साझेदारी मार्फत दिगो ठोस फोहोरमैला व्यवस्थापन प्रणाली स्थापित हुनेछ ।
- इलामको वातावरण तथा भुगोल अनुसार कम्पोष्ट प्लान्ट निर्माण तथा संचालन हुनेछ ।

# परियोजना कार्यान्वयन अवधारणा










- दिगो फोहोरमैला व्यवस्थापन सम्बन्धि थप नीतिको मस्यौदा तयार भई सोही अनुसार फोहोरमैला व्यवस्थापन हुनेछ ।
- प्रत्येक घर र टोल विकास संस्थाहरु सक्रिय रुपमा फोहोरमैला वर्गीकरण र व्यवस्थापनमा संलग्न हुनेछन् ।
- फोहोरमैला व्यवस्थापन गर्ने साना तथा मझौला हरित उद्यमहरु स्थापना भई रोजगारीको अवसरहरु सृजना हुनेछन् ।
- कम्पोष्ट प्रयोग गरी प्राङ्गारिक तरकारी तथा चिया खेती गर्ने कृषि समुह र कृषि सहकारीहरुको वृद्धि हुने छ ।
- स्थानीय वित्तीय संस्थाहरु विश्वस्त भई फोहोरमैला व्यवस्थापन सम्बन्धी साना तथा मझौला उद्यम र कृषि सहकारीमा ऋण लगानी गर्नेछन् ।

## परियोजनाको हालसम्मको कार्य प्रगति :

- समाज कल्याण परिषद्मा दर्ता भई केन्द्रिय र जिल्ला स्तरिय सल्लाहकार समितिको बैठक सम्पन्न
- ९ जना महिला सहित १९ भन्दा बढी युवा तथ्याङ्क संकलकहरुलाई सर्वेक्षण सम्बन्धि आवश्यक तालिम सम्पन्न
- इलाम नगरपालिकाको ५,५२६ घरपरिवार र ७४१ संस्थाहरुमा फोहोरको आधारभुत सर्वेक्षण तथा ५४३ घरपरिवारमा शुल्क तिर्ने इच्छुकता सर्वेक्षण सम्पन्न
- फोहोरमा आश्रित मुख्य पात्रहरुको पहिचान सम्पन्न
- सार्वजनिक निजी साझेदारी सम्बन्धि व्यावसायिक योजना तर्जुमा सम्पन्न
- कम्पोष्ट प्लान्ट निर्माण सम्बन्धि डिजाइन/नक्सा तथा लागत अनुमान प्रतिवेदन तयार
- ७३ टोल विकास संस्थाका २,९७८ घरधुरीहरुमा सामाजिक परिचालन कार्य सम्पन्न
- साप्ताहिक रेडियो कार्यक्रम मार्फत ३०,००० भन्दा बढी श्रोताहरुलाई परियोजना, फोहोरमैला व्यवस्थापन तथा वातावरण सम्बन्धि सुचना र जानकारी प्रवाह
- २५ महिला सहित ८२ जना विभिन्न संघसंस्थाका सहभागी; इलाम नगरपालिकाका ३० वटा विद्यालयका विद्यार्थी एवं शिक्षक; सामाजिक परिचालक र महिला सामुदायिक स्वास्थ्यकर्मीहरुलाई वातावरण, फोहोरमैला व्यवस्थापन तथा परियोजना सम्बन्धि अभिमुखिकरण र सचेतना कार्यक्रमहरु सम्पन्न
- ४० जना स्थानीय सहभागीहरुलाई सुरक्षित तथा दिगो फोहोरमैला व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न
- सार्वजनिक निजी साझेदारी अवधारणा र खरिद प्रकृया सम्बन्धि सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न
- ४१ जना स्थानीय सरोकारवालाहरुद्वारा काभ्रेको नाला, किर्तिपुरको पाङ्गा र हेटौंडामा फोहोर व्यवस्थापन तथा कम्पोष्टिङ्ग प्रविधिको अवलोकन भ्रमण सम्पन्न
- २५ जना सरोकारवालाहरुलाई फोहोरमैलामा आधारित व्यावसायिक आयआर्जन सम्बन्धि तालिम सम्पन्न
- परियोजनाको स्थानीय कार्यालय स्थापना
- स्थानीय सरोकारवालाहरुसंग समन्वयका लागि १२ भन्दा बढी बैठकहरु सम्पन्न
- निरन्तररुपमा परियोजना सम्बन्धि जानकारी, सुचना तथा प्रवर्द्वनका लागि विभिन्न सामाग्रीहरुको सृजना, उत्पादन, वितरण र पैरवी

**यहाँ उल्लेखित जानकारीहरु युरोपियन युनियनको आधिकारीक जानकारी हुनु जरुरी छैन**

**कार्यक्रम सहयोग**

funded by EUROPEAN UNION switchasia PROGRAMME

**साझेदार संस्थाहरु**

Ilam Municipality | Green Ilam | WINROCK INTERNATIONAL | POSITIVE PLANET

**थप जानकारीका लागि सम्पर्क :**

वीनरक ईन्टरनेशनल | पशुपति कोलोनी, देवकोटा सडक, मध्य बानेश्वर | पो.बक्स १३१२, काठमाडौं | फोन नं : ०१-४४६७०८७ | फ्याक्स : ०१-४४७६१०९ | ईमेल : winrocknepal@winrock.org | वेबसाइट : www.winrock.org.np/switchasia

इलाम नगरपालिका | भानुपथ, इलाम | फोन नं. : ९७७-२७-५२००३१ | वेबसाइट : www.ilammun.gov.np

नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC), इलाम | इ.न.पा. - ७, धोबिधारा, इलाम | फोन नं : ९७७-२७-५२०४११, ५२०७९२ | इमेल : ncdcilam@ntc.net.np | वेबसाइट : www.ncdcilam.org.np

© 2016 All Rights Reserved